**Butwal Campus Journal, Vol. 4, No. 1-2: 161-176, July-December 2021**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v4i1-2.45016

# रामायणमा राम, भरत, लक्ष्मण र शत्रुघ्नजन्मसम्बन्धी मतमतान्तरहरूको विवेचना

**डा. थानेश्वर अर्याल**
*सहप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.*

***Article History:*** *Received 10 August 2021; Reviewed 28 September 2021; Revised 24 November 2021; Accepted 12 December 2021*

**लेखसार**

महर्षि वाल्मीकि संस्कृत साहित्यका आदिकवि हुन् । उनी द्वारा रचित रामायण आदिमहाकाव्य हो । यसलाई वाल्मीकि रामायण भनिन्छ । यसमा अयोध्याका राजा दसरथका छोरा रामचन्द्र र जनकपुरका राजा जनकको छोरी सीताको कथा छ । रामचन्द्रद्वारा लङ्काका राजा रावणको वध गरेको देखाई अन्याय-अत्याचार र असत्यको हार तथा सत्कर्म, सच्चरित्रता र सत्यको विजय हुन्छ भन्ने आदर्श मान्यताको स्थापना गरिएको छ । वाल्मीकि रामायणमा दशरथका रानीहरू कौशल्याका छोरा राम, कैकेयीका छोरा भरत र सुमित्राका छोरा लक्ष्मण र शत्रुघ्न भनिएको छ । अध्यात्म रामायण, रामचरित मानस, भानुभक्तको रामायण र रविकृत रामायण (यस रविकृत रामायणमा शत्रुघ्नको नाम छैन) मा पनि यही छ । वाल्मीकिद्वारा नै रचित आनन्द रामायणमा कौशल्याका छोरा राम, सुमित्राका छोरा लक्ष्मण र कैकेयीका जम्ल्याहा छोरा भरत र शत्रुघ्न भनिएको छ । बाल्यकाल, वनवासकाल र उत्तरार्धको समयमा समेत लक्ष्मण सदैव रामका निकटमा र सहयोगीका रूपमा रहेको पाइन्छ र शत्रुघ्न सदैव भरतका निकटमा र उनैका सहयोगीका रूपमा रहेको पाइन्छ । हुन त वाल्मीकि रामायण नै आधिकारिक मानिँदै आएको परम्परा छ । तदनुरूप वाल्मीकि रामायण, अध्यात्म रामायण, रामचरित मानस, भानुभक्तको रामायण र रविकृत रामायणमा राम, भरत, लक्ष्मण र शत्रुघ्नका जन्मका कुरामा र यिनीहरूका आमाहरूका बारेमा पनि एकरूपता छ । यी मान्यता र तथ्यहरूका विपरीत वाल्मीकिद्वारा नै रचित आनन्द रामायणमा कौशल्यापुत्र राम, सुमित्रापुत्र लक्ष्मण तथा कैकेयीपुत्र भरत र शत्रुघ्न भनेर उल्लेख गरिएको छ । साथै लक्ष्मण रामस“ग निकट र शत्रुघ्न भरतसँग निकट देखिइरहने हुनाले पनि भरत र शत्रुघ्न नै कैकेयीका जम्ल्याहा पुत्र हुन् भन्ने कुरा सत्य र प्रामाणिक देखिन्छ । यही विचार अघि सार्नु प्रस्तुत लेखको सार हो ।

**शब्दकुञ्जी**: अवतार, अन्तर्धान, आधा, चरु, खीर, शेषावतार, शङ्खचक्र ।

## विषयप्रवेश

महर्षि वाल्मीकि संस्कृत साहित्यका आदिकवि हुन् । उनीद्वारा विरचित वाल्मीकि रामायण आदि महाकाव्य हो । संसारभरिकै लिखित साहित्यको आदि महाकाव्य पनि यसैलाई मानिन्छ । संस्कृतमा यसबाहेक *आनन्द रामायण, अध्यात्म रामायण, अद्भूत रामायण, योगवाशिष्ठ रामायण* र *भुसुण्डी रामायण* पनि पाइन्छन् तथापि प्रमुख र आदिग्रन्थ *वाल्मीकि रामायण* नै मानिन्छ । हिन्दीको दूरदर्शन कार्यक्रमअन्तर्गतको लाइव भाग-३ मा रामानन्द सागरकृत *सम्पूर्ण रामायण*मा समाविष्ट निम्न लिखित रामायणहरू उल्लेख गरिएका छन्: संस्कृतमा वाल्मीकिको वाल्मीकि रामायण, वेदव्यासको अध्यात्म रामायण, हिन्दीमा गोस्वामी तुलसीदासको *रामचरितमानस,* कन्नडामा अभिनव पम्प नागचन्द्रको *रामचन्द्रचरित पुराणाम्,* मलयालममा टुन भट्ट इलुताछमको *अध्यात्म रामायण,* मराठीमा सन्त एकनाथको *भावरथ रामायण,* तमिलमा महाऋषि (महर्षि) कम्बरको *कम्ब रामायण,* बङ्गालीमा महाकवि कृतिभास ओझाको *कृतिभास रामायण,* तेलुगुमा गणबुध रेड्डी (रङ्गनाथ)को *रङ्गनाथ रामायण* र उर्दूमा चक्रवस्तको *रामायण* । यी बाहेक नेपालीमा भानुभक्त आचार्यको *भानुभक्तको रामायण* र रविलालको *रविकृत रामायण* लेखिएका छन् । तदतिरिक्त बदरीनाथ वर्माद्वारा अनूदित मैथिली पद्यानुवाद रामायण (२०४५), मुकुन्द आचार्यद्वारा अनूदित भोजपुरी रामायण (२०६३) र सच्चिदानन्द चौबेरचित अवधी रामायण (२०६५ तिर) लेखिएको जानकारी पाइन्छ (अर्याल, २०७५ पृ. १३६) । त्यस्तै अन्यान्य भाषामा पनि रामायणहरू लेखिएका होलान् तर जानकारीमा छैनन् ।

वाल्मीकिकृत आदिमहाकाव्य वाल्मीकि रामायणमा दशरथपुत्र राम र जनकनन्दिनी सीताको कथा छ । यसको विषय रामरावणको युद्धद्वारा रावणको वध गरी रावणबाट अपहरित सीतालाई फिर्ता ल्याउनु तथा असत्यको पराजय र सत्यको विजयद्वारा आदर्शको स्थापना गर्नु रहेको छ । यसमा रामसँग सम्बन्धित कैयौं पात्रहरू छन् जसले सत्य र आदर्शको स्थापनार्थ सुकर्महरू गर्छन् । रावणसँग सम्बन्धित पात्रहरू पनि प्रशस्त छन् । तिनले अन्याय-अत्याचार र विध्वंसात्मक कार्यहरू गर्दछन् । पाइन त रामायणमा संस्कारयुक्त वा संस्कारप्रदत्त उत्कृष्ट राजनीति, मनोविज्ञान र नीतिकुशलताका विषयहरू पाइन्छन् । यसमा त्रेतायुगीन सभ्यता तथा ऐतिहासिक रूपमा आदिम युगदेखि कृषियुगसम्मका मानवीय सभ्यता र चिन्तनमननयुक्त व्यावहारिक विधिविधानहरू देखिन्छन् । वाल्मीकि रामायण स्वयंमा उपजीव्य महाकाव्य भएकाले माथि उल्लेख गरिएझैँ यसबाट उपजीव्यता ग्रहण गरेर आधुनिक आर्यभाषाहरू : हिन्दी, बङ्गाली, नेपाली, मराठी, कन्नड, असमिया, उडिषा/उडिया, मैथिली, तमिल, तेलुगु मलयालम, भोजपुरी, अवधी र उर्दू आदि भाषामा कैयौँ कृतिहरू लेखिएका छन् । तथापि यहाँ ती सबै विषयमध्ये भगवान् विष्णुका अंशअंश-स्वरूपबाट जन्मिएका (अवतार लिएका) राम, लक्ष्मण, भरत र शत्रुघ्नका जन्मप्रसङ्ग र तिनका आमाहरूका बारेमा देखिने मतभिन्नतालाई स्पष्ट पार्नु लेखको उद्देश्य रहेको छ । यसनिम्ति वाल्मीकि रामायण, रामचरितमानस, अध्यात्म रामायण, भानुभक्तको रामायण, रविकृत रामायण र आनन्द रामायणलाई आधार बनाइएको छ ।

## सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतका सामग्रीअन्तर्गत वाल्मीकि रामायण, आनन्द रामायण, अध्यात्म रामायण, रामचरितमानस, भानुभक्तको रामायण र रविकृत रामायणलाई लिइएको छ ।

द्वितीयक स्रोतका सामग्रीअन्तर्गत उक्त कृतिहरूका भूमिका, अनुवाद, टीकाटिप्पणी तथा सम्बन्धित अन्य लेख-रचनाहरूका रहेका छन् । दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालय कार्यका माध्यमबाट गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन-विश्लेषणका निम्ति प्राथमिक स्रोतका सामग्रीका मूल पाठलाई र द्वितीयक स्रोतका सामग्रीअन्तर्गतका भूमिका, अनुवाद र टीकाटिप्पणी तथा संस्कृत साहित्यको समीक्षा गरिएका कृतिहरूलाई आधार बनाएको छ ।

## रामायणको परिचय

महर्षि वाल्मीकि स्नानध्यानका निम्ति तमसा नदीमा जाँदै थिए । उनले देख्दादेख्दै नदी किनारमा क्रौञ्चपक्षीका निर्दोष र कामपीडित जोडीमध्ये क्रौञ्च (भाले) लाई व्याधाले मारिदियो । क्रौञ्ची (पोथी) ले क्रौञ्च (पति, भाले) को वियोगमा आलापविलाप गरेको कारुणिक दृश्य देखेर वाल्मीकिका मुखबाट अकस्मात् एउटा उद्‌गार निस्क्यो :

"मा निषाद ! प्रतिष्ठां त्वमगम शास्वतीः समाः ।

यत् क्रौञ्चमिथुनाहेकमवधीः काममोहितम् ॥ (हेनिषाद ! तैँले निर्दोष र कामपीडित क्रौञ्चपक्षीको जोडीमध्ये भाले चाहिँलाई मारिस् । तँलाई कहिल्यै पनि शान्ति नहोस् ! (बालकाण्ड, सर्ग २, श्लो.१५) । यही उद्‌गार रामायण रचनाको कारण बन्यो । व्याधालाई सराप दिएका कारण पश्चात्तापमा परी चिन्तित वाल्मीकि स्नानध्यानपश्चात् आश्रममा फर्के । उनलाई प्रेरणा दिन स्वयं ब्रह्मा आई भने : 'मेरै प्रेरणाले तिम्रा मुखबाट उक्त उद्‌गार प्रकट भएको हो । संसारमा सर्वाधिक बुद्धिमान्, धर्मात्मा र धीरपुरुष भगवान् रामचन्द्र छन् । नारदजीबाट जेसुन्यौ त्यो सत्य हो । तदनुसार रामको चरित्र वर्णन गरेर रामायणको रचना गर' (वाल्मीकि सं. २०६७, पृ. ३२-३५) । तत्पश्चात् वाल्मीकिले रामायणको रचना गरेको पाइन्छ ।

वाल्मीकिको उक्त उद्‌गारका बारेमा रमाशङ्कर त्रिपाठीले उल्लेख गरेका छन् - "महर्षिको कल्याणमयी उक्त वाणी सुनेर सृष्टिकर्ता ब्रहमा स्वयं उपस्थित भई महर्षि वाल्मीकिलाई रामचन्द्रको चरित्रमा काव्य लेख्न भने । यसै प्रेरणाको परिणामस्वरूप रामायणको रचना भएको हो" (त्रिपाठी, २०६३, पृ.१३) । यसरी उनले रामायणको रचनालाई ब्रह्माको वरदानका रूपमा उल्लेख गरेका छन् ।

सोमनाथ शर्म्माले भनेका छन्-"वि. पू. ५००मा अजातशत्रुले प्रतिष्ठापित पाटलिपुत्रको उल्लेख यसमा छैन । "महाभारतमा पनि पूर्वाख्यानमा रामचरित्रको उल्लेख छ । वाल्मीकिको आदिकवि सम्मानले रामचरित्रका प्रवर्तक यिनैलाई सिद्ध गर्दछ । यति प्राचीनकालको हो भनी निर्धारण गर्ने निश्चित असाधारण साधन नपाएसम्म यो अनिश्चित अतीतपूर्वको मान्नु परेको छ'' (शर्म्मा, २०५८, पृ.५३-५४) । उनका अनुसार वि. पू. ५०० पूर्व र महाभारतभन्दा पूर्वको अतिप्राचीन कृति हो भन्ने बुझिन्छ ।

उमाशङ्कर शर्माका अनुसार ''मर्यादापुरूषोत्तमका रूपमा प्रतिष्ठित रामकथाको विवरण सर्वप्रथम 'रामायण'मा पाइन्छ । यो काव्यको आदिरूप हो र यसको रचना महर्षि वाल्मीकिले गरेका हुन् । वाल्मीकिलाई पनि यसै काव्यका आधारमा आदिकवि भनियो । रामायण सात काण्डमा विभक्त छ । ती काण्डहरू- बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड हुन् । यसमा रमणीय संस्कृत पद्यहरू छन् । ती पद्यहरू अनुष्टुप्, उपजाति, वंशस्थ आदि

सुन्दर गेयात्मक छन्दहरूमा आबद्ध छन्'' (शर्मा, सन् २०१०, पृ.१२२-१२३) भनिएको छ । यहाँ उनले कृति र कृतिकारको काल र स्थान निर्धारणसहित कृतिको बाह्यस्वरूप प्रस्तुत गरेका छन् ।

गोपीकृष्ण शर्माले भनेका छन् : "रामायणको रचना ईसापूर्व ५००/६०० तिर गरिएको अनुमान छ । धेरैजसो विद्वान्ले वाल्मीकि रामायणमा मानव रामको वर्णन मर्यादापुरुषोत्तमका रूपमा भएको उल्लेख गरेका छन् । कतिपय विद्वान्हरू भने ईश्वरीय अवतारका रूपमा रहेका रामको गुणगान भएको विश्वास गर्छन्" (शर्मा, २०६८, पृ.८२) । उनले कपियले रामलाई मर्यादापुरुषोत्तमका रूपमा र कतिपयले ईश्वरीय अवतारका रूपमा मान्दछन् भनेका छन् ।

डुकुलराज घिमिरले भनेका छन्-"रामायण संस्कृत साहित्यको आदिम आर्षमहाकाव्य हो । यसलाई वैदिक संस्कृत र लौकिक संस्कृतको सन्धिकालीन कृति मानिन्छ । यसको रचना ई.पू. ५०० देखि ७०० का बीच भएको मानिन्छ । यसका रचनाकार वाल्मीकि हुन्'' (घिमिरे २०७२, पृ. ४०) । यसरी उनले पनि रचना र रचनाकारको कालका बारेमा उल्लेख गरेका छन् ।

वाल्मीकि संस्कृत साहित्य (लौकिक-संस्कृत)का आदिकवि हुन् । उनीद्वारारचित वाल्मीकि रामायण संस्कृत साहित्य (लौकिक-संस्कृत) को आदि महाकाव्य हो र पृथ्वीतलकै प्रथम महाकाव्य पनि हो ।.वेदले जुन परमतत्त्वको वर्णन गर्दछ, त्यही नारायण तत्त्व रामायणमा श्रीरामका रूपमा निरूपित छ । वेदवेद्य परमपुरुषोत्तम दशरथपुत्र श्री रामका रूपमा अवतीर्ण भएपछि साक्षात् वेद नै वाल्मीकिका मुखबाट श्रीरामका रूपमा प्रकट भए भन्ने आस्तिकहरूको दीर्घकालदेखिको मान्यता छ । संसारका सबै कविहरूका गुरु वाल्मीकिद्वारा लिखित रामायण सबैका निम्ति पूज्य छ र हिन्दूहरूका निम्ति बहुमूल्य सम्पत्ति नै हो । यो सबैका निम्ति सङ्ग्रहणीय, पठनीय, मननीय र श्रवणीय छ । यसका एकएक अक्षरले महापातकलाई नाश गर्दछन् भनेर "एकैकमक्षरं पुंसां महापातकनाशनम्" ( वाल्मीकि रामायण, सं. २०६७, पृ.३) पनि भनेको पाइन्छ र यसलाई "पठ रामायणं व्यास काव्यबीजं सनातनम्" (वाल्मीकि रामायण, सं. २०६७, पृ.३) भनेर काव्यबीजका रूपमा पनि मान्ने गरिन्छ । अतः व्यास आदि सबै कविहरूले यसै वाल्मीकि रामायणको अध्ययन गरेर पुराणहरू र महाभारतको रचना गरेको पाइन्छ । त्यतिमात्रै होइन संस्कृत साहित्यका सबै कविहरूले र हिन्दीका तुलसीदाससम्मका कतिपय कविहरूले आदिकवि वाल्मीकिलाई पटकपटक स्मरण गरेका तथ्यहरू यथेष्ट पाइन्छन् । रामायणमा रामलाई कतैकतै मानव चरित्रका रूपमा वर्णन गरिएको छ भन्ने गरेको पाइन्छ र त्यस्तो देखिन्छ ता पनि सूक्ष्म रूपमा हेर्दा भने रामायणमा रामलाई आदिअन्त्य ईश्वरीय शक्तिकै रूपमा देख्न पाइन्छ । उनमा स्थित असीमित शक्ति, धर्मप्रियता, आश्रितवत्सलताले ईश्वरीय शक्तिकै परिचय दिन्छन् ।

विभीषणलाई शरणागति दिंदाका क्षणमा, समस्त प्राणीहरूलाई अभयदान दिंदाका समयमा, हनुमानले सीता र रावणका सामु रामका गुण प्रकट गर्दाका क्षणमा रामलाई ईश्वरतुल्य देखाइएको छ । रामका उपासक वाल्मीकिले *रामायण*मा र *योगवाशिष्ठ* मा समेत रामको ईश्वरकै रूपमा गुणगान गाएका छन् । रामायणमा मानव सभ्यताको इतिहास भन्ने लक्ष्य त देखिन्न ता पनि यसमा अरबौं वर्षको इतिहास परिलक्षित छ । यसमा भारतवर्षको दक्षिणोत्तर र पश्चिमी भूभागको उल्लेख पाइन्छ तर यसको प्रभाव र व्याप्ति भने सिङ्गै भारतीय उपमहाद्वीप र त्यस वरपरको क्षेत्रसम्म पनि पुगेको पाइन्छ । वाल्मीकि घुमक्कड ऋषिका रूपमा देखिँदादेखिँदै पनि मूलतः चित्रकूट नजिकै र गङ्गानदीको किनारमा वा नजिकै बिठूर भन्ने ठाउँमा बस्दथे (वाल्मीकि रामायण, सं. २०६७, पृ.७)

भनी उल्लेख गरेको पाइन्छ । यी कथनका आधारमा वालमीकि घुमक्कड ऋषिका रूपमा रहेको बुझिन्छ ।

उपर्युक्त प्रमाणहरूका आधारमा मूल रामायण (वाल्मीकि रामायण)को रचना ई.पू. ५०० देखि ७०० का बीचमा भएको पुष्टि हुन्छ । ऋषि वाल्मीकि तमसा नदीमा स्नानध्यानका निम्ति जाँदा व्याधाले क्रौञ्च पक्षीको भालेलाई मारेको देखेर उसलाई सराप दिंदा व्यक्त उद्‌गारले उब्जिएको पश्चात्तापस्वरूप नारद र ब्रह्मासमेतबाट निर्देशन प्राप्त गरेपछि अयोध्याका राजा दशरथपुत्र तथा सर्वाधिक बुद्धिमान्, धीर र धर्मात्मा रामचन्द्र भगवान्‌लाई नायक बनाई यो काव्य लेखिएको पाइन्छ ।

तत्पश्चात् वाल्मीकिकै भिन्नभिन्न नामका अन्य रामायण, व्यासलिखित अध्यात्म रामायण र आधुनिक आर्यभाषा-कालमा विभिन्न आर्यभाषामा लिखित रामायणहरू पाइन्छन् र तिनको उल्लेख गरिसकिएकै छ । तदतरिक्त वर्तमान कालमा नेपालमा रामको जन्म नेपाल-तराईको नारायणी नदीपूर्वको *ठोरी*को जङ्गलमा भएको थियो भन्ने आवाज कसैकसैले उठाएका छन् । प्राचीन कालदेखि हालसम्मका कुनै पनि ग्रन्थमा रामको जन्म नेपालस्थित चितवनको ठोरी नामक जङ्गलमा भएको थियो भनेर उल्लेख गरेको  पाइँदैन र कुनै पनि विद्वान्‌ले यस विषयमा लिखित प्रमाणहरू प्रस्तुत गरेको पाइएको छैन । तसर्थ यससम्बन्धमा बढी चर्चा गरिएको छैन ।

अतः प्रस्तुत लेखको उद्देश्य भने भगवान् विष्णु (नारायण) का अंशअंशका रूपमा अवतार (जन्म) ग्रहण गरेका भगवान् रामचन्द्र, भरत, लक्ष्मण र शत्रुघ्नको जन्मका बारेमा (विशेषतः भरत, लक्ष्मण र शत्रुघ्न) देखिने भिन्नभिन्न मतलाई विवेचनासहित प्रकाशमा ल्याउनु रहेकाले प्रस्तुत लेख राम, लक्ष्मण, भरत र शत्रुघ्नको जन्मप्रसङ्गमा मात्रै सीमित छ । यसनिम्ति माथि उल्लेख गरिएका सबै रामायणहरू उपलब्ध हुन नसकेका अवस्थामा र हालसम्म मैले प्राप्त गरेका र अध्ययन गरेका वाल्मीकि रामायण, अध्यात्म रामायण, रामचरितमानस, भानुभक्तको रामायण, रविकृत रामायण र आनन्द रामायणमा राम, लक्ष्मण, भरत र शत्रुघ्न जन्मका बारेमा देखिने मतभिन्नलाताई प्रस्तुत गरिएको छ । उल्लिखित ६वटा कृतिका राम, लक्ष्मण, भरत र शत्रुघ्नका जन्मप्रसङ्गका मूलपाठसहित तिनको विश्लेषण र निश्कर्ष प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

आदिकवि वाल्मीकिले आफूपूर्व कसैले कुनै कृति नलेखेकै बेलामा पनि यति सुन्दर कृति रामायण लेखेका छन् । यसमा प्रकृतिचित्रण, पात्रका संवाद, हनुमानको वार्तालाप, श्रीरामको प्रतिपादनशैली, दशरथको सम्भाषण, कतैकतै रावणका कथनसमेत सुन्दर छन् । यसमा ज्योतिष, तन्त्र, आयुर्वेद, शकुन आदि शास्त्रीय विषयको प्राचीनता र वास्तविकतासमेतको जानकारी हुन्छ । धर्मशास्त्र, ऐतिहासिक विषय, अर्थशास्त्र, आचारविचार र कुशल व्यवहारका निम्ति पनि यो ग्रन्थ उत्तम छ । यहाँ सन्दर्भ छ - रामायणमा राम, लक्ष्मण, भरत र शत्रुघ्नका जन्मप्रसङ्गको । यस लेखमाा उपलब्ध र अध्ययन गरिएका छवटा रामायणअनुसार यिनैका जन्मप्रसङ्गको तुलनात्मक अध्ययन गरिएको छ । दुई वा दुईभन्दा बढी विषयमा पाइने समानता र असमानताको तुलनात्मक अध्ययन गर्ने पद्धतिलाई 'तुलनात्मक अध्ययन' वा 'तुलनात्मक पद्धति' भनिन्छ । यस पद्धतिमा भिन्नभिन्न विषयलाई एकअर्काका बीच दाँजेर हेरिन्छ । 'दाँज्नु' र 'दाँजेर हेर्नु' तुलना हो भने त्यसलाई अध्ययन प्रक्रियामा लैजानु 'तुलनात्मक अध्ययन' हो । भाषा वाङ्मयका सबैजसो विषय र विधामा तुलनात्मक

अध्ययन भएको पाइन्छ । भाषाविज्ञानमा, साहित्यकार र साहित्यका विविध विधा, चरण, प्रभाव र समयसन्दर्भ, पूर्ववर्ती कृति र कृतिकारको परवर्ती कृति र कृतिकारमा परेको प्रभाव, अनुसन्धानको कुनै एउटा विधि र प्रक्रिया, काव्यशास्त्र र समीक्षा, समाज र संस्कृति, भाषा र भाषिका, भाषाका अर्थहरू, विज्ञान, समाजविज्ञान, कला र चित्रकला, शिक्षाक्षेत्र र प्रक्रियाजस्ता विविध क्षेत्रमा तुलनात्मक अध्ययन हुँदै आएको पाइन्छ । त्यतिमात्रै नभई दैनिक जीवनका व्यवहारमा पनि योभन्दा त्यो राम्रो-नराम्रो, ठिक-बेठिक, मिठो-नमिठो, सानो-ठुलो आदिमा तुलना गरिएको पाइन्छ । यसमा समानता र असमानताका बीच भिन्नताको खोजी गरिन्छ । यसरी भिन्न वस्तु, विषय र प्रस्तुतिबीच तुलना गरिने अध्ययनलाई तुलनात्मक अध्ययन भनिन्छ ।

तुलनात्मक अध्ययनको अवधारणा नियोजित र अनियोजित दुवैरूपमा पौरस्त्य र पाश्चात्य दुवैतर्फका साहित्यमा प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । पौरस्त्य साहित्य र साहित्यकारहरूको तुलना यसरी हुँदै आएको पाइन्छ :

उपमा कालिदासस्य भारवेरर्थगौरवम्
नैषधे पदलात्यिं माघे सन्ति त्रयो गुणाः ॥

अर्थात् यहाँ कालिदास उपमा दिनका निम्ति, भारवि चमत्कारपूर्ण अर्थ दिनका निम्ति, नैषध( दण्डी) लालित्यपूर्ण पदावली वा अभिव्यक्तिका निम्ति प्रसिद्ध छन् भने माघ उक्त तीनवटै गुणका निम्ति प्रसिद्ध छन् (अधिकारी, २०६६, पृ.१) भनेर तुलना गरिएको छ ।

त्यसरी नै विभिन्न साहित्यिक विधा, ती विधाभित्रका महत्त्वपूर्ण कृति र कृतिभित्रका कथनका बारेमा पनि निम्नानुसार तुलना हुँदै आएको पाइन्छ :

काव्येषु नाटकं रम्यं तत्र रम्यं शकुन्त्ला ।
तत्राप्यङ्कस्तुरीयस्तु तत्र श्लोकचतुष्टयम् ॥

अर्थात् काव्यमा नाटक राम्रो, नाटकमा शकुन्तला, शकुन्तलामा चतुर्थ अङ्क र चतुर्थ अङ्कमा चार श्लोक राम्रा छन् (त्रिपाठी, ई.१९९०, भूमिका २८) भनेर यसमा पनि तुलनात्मक पद्धति अपनाइएको पाइन्छ ।

भाषा-साहित्यको तुलनात्मक अवधारणा प्रतिपादन र प्रयोगार्थ पाश्चात्य समीक्षाशास्त्रीहरू अझ अगाडि रहेको पाइन्छ । पाश्चात्य आद्य समीक्षक अरस्तुको काव्यशास्त्रमा “सुखान्तभन्दा दुःखान्त भव्य वा उच्चतर छ” (त्रिपाठी, २०३०, पृ. ४२) भनिएको छ । यसमा सुखान्तभन्दा दुःखान्त उच्चतर हुन्छ भनेर तुलनात्मक पद्धत्रि अवलम्बन गरिएको पाइन्छ । पाश्चात्य साहित्यमा तुलनात्मक अध्ययनको विकासमा युरोपमा आएको पुनर्जागरणको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ र त्यहाँ तीन पद्धति/समूह प्रसिद्ध छन् । ती पेरिस जर्मन समूह, अमेरिकी समूह र रूसी समूह हुन् । पहिलो पेरिस जर्मन समूहले तुलनात्मक शोधखोजका निम्ति ऐतिहासिकतामा जोड दिन्छ । दोस्रो अमेरिकी समूहले तुलना विधिमा सौन्दर्यशास्त्रीय मूल्यको खोजीमा ध्यान दिन्छ । तेस्रो रूसी समूहले तुलनात्मक अध्ययनमा समाजशास्त्रीय दृष्टिकोण अवलम्बन गर्नुपर्ने मान्यता राख्दछ । यीमध्ये साहित्य वा कलाका सन्दर्भमा अमेरिकी दृष्टिकोण बढी उपयुक्त मानिन्छ । यसले आफ्ना सौन्दर्यपरक अवधारणालाई भित्री वा आन्तरिक भनेको पाइन्छ । यद्यपि तुलनात्मक अध्ययन भने अन्य दुई समूहका आधारमा पनि भएका छन् (अधिकारी, २०६६, पृ.५५) । यी तुलनात्मक समूह आफैमा कुनै पनि पूर्ण मानिदैनन् । यीमध्ये पेरिस समूहले कृतिमाथि पर्ने प्रभावलाई बाहिरी सम्बन्धको अध्ययनमा

सीमित राखेको पाइन्छ भने अमेरिकी समूहले सौन्दर्यशास्त्रीय सिद्धान्तअनुसार यस अध्ययनलाई पाठकको अन्तर्सम्बन्धसँग आबद्ध गरेको पाइन्छ । यिनै दुई समूह बढी चर्चामा छन् ।

नेपाली भाषावाङ्मय तथा साहित्य-समालोचनाका क्षेत्रमा तुलनात्मक अध्ययनको थालनी मोतीराम भट्टलिखित ‘कवि भानुभक्त आचार्यको जीवन चरित्र’ (वि.सं. १९४८) देखि सुरु भएको पाइन्छ । भट्टले भानुभक्तलाई पूर्ववर्ती कविहरू यदुनाथ पोखरेल, रघुनाथ पोखरेल आदिसँग तुलना गरी भानुभक्तलाई उत्कृष्ट र सहज कवि घोषित गरेका छन् (शर्मा, २०४५, पृ.३१३) । यसपछि “क्रमशः सूर्यविक्रम ज्ञवालीको ‘नेपाली साहित्याकाशका दुई तारा’(नेपाली साहित्य सम्मेलन, वि.सं. १९९३) बाबुराम आचार्यको ‘तुलनात्मक सुन्दरकाण्ड’ (वि.सं. २००२), रामकृष्ण शर्माको ‘अङ्ग्रेजी साहित्यको प्रभाव’ (वि.सं. १९९९-शारदा) हुँदै साहित्यका विभिन्न विधा, विषय, कृति र कृतिकारका बारेमा तुलनात्मक अध्ययन हुँदै आएका पाइन्छन्” (सुवेदी, २०६८, पृ.१०४) । यी अध्ययनले नेपालीमा पनि तुलनात्मक अध्ययन क्रमिक रूपमा हुँदै आएको जानकारी हुन्छ ।

यहाँ विषय छ - रामायणको र रामायणका पात्रहरू : राम, भरत, लक्ष्मण र शत्रुघ्नका जन्मप्रसङ्गको । वाल्मीकि रामायणमा राजा दशरथका पत्नीहरु कौशल्याबाट राम, कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण र  शत्रुघ्न जम्ल्याहा पुत्र जन्मिएको उल्लेख गरिएको छ । प्रस्तुत लेखमा रामायणका थुप्रै कृतिहरू उल्लेख गरिएको भए ता पनि उपलब्ध छवटा कृतिहरूमा मात्रै तत्सम्बन्धी अध्ययन गरिएको छ । ती वाल्मीकि रामायण, अध्यात्म रामायण, रामचरितमानस, भानुभक्तको रामायण, रविकृत रामायण र वाल्मीकिकै आनन्द रामायण हुन् । यहाँ ती छवटै रामायणका राम, भरत, लक्ष्मण र शत्रुघ्न जन्म प्रसङ्गका मूल पाठसमेत उल्लेख गरिएको छ । तिनको जन्म र जीवनका सन्दर्भप्रसङ्गसहित तुलनात्मक अध्ययन पद्धतिद्वारा मतमतान्तरहरूको विवेचना गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## राम, भरत, लक्ष्मण र शत्रुघ्नका जन्मप्रसङ्ग

(क) *वाल्मीकि रामाययण*अनुसार राजा दशरथले दिव्य पुरुषले दिएको खीर लिएर अन्तःपुरमा गई कौशल्यालाई सम्बोधन गरेर आधा भाग कौशल्यालाई दिए । बाकी आधाको आधा भाग सुमित्रालाई दिए । बाँकी आधाको आधा भाग खीरको पनि आधा भाग कैकेयीलाई दिए । त्यसको पनि आधा भागलाई केही सोच विचारसहित पुनः सुमित्रालाई दिए । यसरी सबै रानीहरूलाई खीरको अलगअलग भाग लगाएर दिए । जस्तै :

सोऽन्तःपुरं प्रविश्यैव कौशल्यामिदमब्रवीत् ।
पायसं प्रतिगृह्णीष्व पुत्रीयं त्विदमात्मनः ॥ बालकाण्ड/२६ ॥
कौशल्यायै नरपतिः पायसार्धं ददौ तदा ।
अर्धादर्धं ददौ चापि सुमित्रायै नराधिपः ॥ बालकाण्ड/२७ ॥
कैकेय्यै चावशिष्टर्धं ददौ पुत्रार्थकारणत् ।
प्रददौ चावशिष्टार्धं पायसस्यामृतोपमम् ॥ बालकाण्ड/२८ ॥
अनुचिन्त्य सुमित्रायै पुनरेव महामतिः ।
एवं तासां ददौ राजा भार्याणां पायसं पृथक् ॥ बालकाण्ड/२९ ॥ वाल्मीकि, सं. २०६७, पृ. ६६) ।

महिना पुगेपछि कौशल्यादेवीबाट दिव्यलक्षणयुक्त सर्वलोकवन्दित श्रीरामचन्द्र जन्मे । यिनी विष्णुस्वरूप हविष्य या खीरको आधाभागबाट जन्मेका थिए । कौशल्याका भाग्य श्रीराम इक्ष्वाकुवंशका आनन्ददाता थिए । उनी राताराता आँखा, रातै ओँठ, लामा-ठूला हात, दुन्दुभिको स्वरतुल्य आवाज भएका थिए र यस्ता असीमित तेजस्वी छोरा रामचन्द्रबाट कौशल्या त्यति सुशोभित भइन् जति इन्द्रबाट देवमाता अदिति सुशोभित भएकी थिइन् । कैकेयीले भरतलाई जन्म दिइन् । उनी भगवान् विष्णुको (सारभूत खीर) चतुर्थांशभन्दा पनि कम अंशबाट प्रकट भएका थिए र सबै सद्गुणले सम्पन्न थिए । त्यसपछि सुमित्राबाट लक्ष्मण र शत्रुघ्न दुई पुत्र जन्मिए । यी दुवै वीर भगवान् विष्णुको आधा भागबाट सम्पन्न र सबै प्रकारका अस्त्रविद्यामा कुशल थिए । जस्तै :

प्रोद्यमाने जग्न्नाथं सर्वलोक नमस्कृतम् ।
कौशल्या जनयद् रामं दिव्यलक्षण संयुतम् ॥ बालकाण्ड/१० ॥
विष्णोरर्धं महाभागं पुत्रमैक्ष्वाकुनन्दनम् ।
लोहिताक्षं महावाहुं रक्तोष्ठं दुन्दुभिस्वरम् ॥ बालकाण्ड/११ ॥
कौशल्या शुशुभे तेन पुत्रेणामिततेजसा ।
यथा वरेण देवानामदितिर्वज्रपाणिना ॥ बालकाण्ड/१२ ॥
भरतो नाम कैकेय्यां जज्ञे सत्यपराक्रमः ।
साक्षाद् विष्णोश्चतुर्भागः सर्वैं समुदितो गुणैः ॥ बालकाण्ड/१३ ॥
अथ लक्ष्मण शत्रुघ्नौ सुमित्रा जनयत् सुतौ ।
वीरौ सर्वास्त्रकुशलौ विष्णोरर्धसमन्वितौ ॥ बालकाण्ड/१४ ॥ (वाल्मीकि, सं. २०६७, पृ. ६९)

(ख) *अध्यात्म रामायण*मा अग्निदेव खीर लगेर रानीहरूलाई खुवाऊ भन्ने आज्ञासहित खीर राजालाई दिएर आफू अन्तर्धान भए । राजाले पवित्र मनका मुनिश्रेष्ठद्वय वशिष्ठ र ऋष्यशृङ्गका चरणमा वन्दना गरेर दुवैका आज्ञानुसार अत्यन्तै सावधानीपूर्वक त्यो हवि(चरु) महारानी कौशल्या र कैकेयीलाई आधाआधा बाँडिदिए । तत्काल पुत्रदाता चरु लिने इच्छाले सुमित्रा पनि त्यहीँ आइन् । कौशल्या र कैकेयी दुवैले आआफ्ना भागबाट आधाआधा भाग झिकेर सुमित्रालाई दिए । त्यही हवि खाएर सबै रानीहरू गर्भवती भए । रानीहरू राजभवनमा आआफ्ना कान्तिले देवतुल्य सुशोभित भए । गर्भवती भएको दस महिना लागेपछि कौशल्याले अद्भुत बालक जन्माइन् । चैत महिनाको शुक्लपक्षको नवमी तिथिका शुभ कर्कलग्नमा पुनर्वसु नक्षत्रका समयमा पाँच ग्रह उच्चस्थानमा र सूर्य मेष राशिमा भएका बेलामा मध्यान्हका समयमा परमात्मा जगन्नाथ प्रकट भए । जस्तै :

वशिष्ठऋष्यशृङ्गाभ्यामनुज्ञातो ददौ हविः ।
कौशल्यायै सुकेकैय्यै अर्धमर्धं प्रयत्नतः ॥ बालकाण्ड/ तृ.सं./ १० ॥
ततः सुमित्रा संप्राप्ता जगृघ्नुः पौत्रिकं चरुम् ।
कौशल्या तु स्वभागार्धं ददौ प्रीतिसमन्विता ॥ बालकाण्ड/ तृ.सं./ ११ ॥
कैकेयी च स्वभागार्धं ददौ प्रीतिसमन्विता ।
उपभुज्य चरू सर्वाः स्त्रियो गर्भसमन्विताः ॥ बालकाण्ड/ तृ.सं./ १२ ॥
देवता इव रेजुस्ता स्वभासा राजमन्दिरे ।
दशमे मासि कौशल्या सुषुवे पुत्रमद्भुतम् ॥ बालकाण्ड/ तृ.सं./ १३ ॥

मधुमासे सिते पक्षे नवम्यां कर्कटे शुभे ।
पुनर्वस्ववृक्ष सहिते उच्चस्थे ग्रहपञ्चके ॥ बालकाण्ड/ तृ.सं./ १४ ॥
मेषं पूषणि संप्राप्ते पुष्पवृष्टिसमाकुले ।
आविरासीजगन्नाथः परमात्मा सनातन ॥ बालकाण्ड/ तृ.सं./ १५ ॥ (व्यास, सं. २०६४, पृ.१७) ।

प्रातकालीन बालसूर्य समानका भगवान् अवतरित भएर सबै लोकपालहरूलाई आनन्दित तुल्याए । राजा दशरथ पुत्रोत्पत्तिको उत्सवको शुभ समाचार सुनेर आनन्दका सागरमा डुबे । उनी गुरु वशिष्ठसहित राजभवनमा आए र कमलनयनतुल्य रामलाई देखेर आनन्दाश्रुले पूर्ण भई गुरुद्वारा जातकर्मादि संस्कार गराए । तत्पश्चात् कमलनयनी कैकेयीबाट भरत जन्मे र सुमित्राबाट पूर्णचन्द्रसमान मुख भएका दुई जम्ल्याहा बालक जन्मे । त्यस समयमा महाराज दशरथले ब्राह्मणहरूलाई कैयौं सुवर्ण, रत्न, विविध प्रकारका वस्त्र र शुभलक्षणयुक्त कैयौं गाई दान गरे । जस्तै :

बालरुणप्रतीकाशो ललिताखिललोकपः
अथ राजा दशरथः श्रुत्वा पुत्रोद्भवोत्सवम् ।
आनन्दार्णवमग्नोऽसा वायवौ गुरुणा सह ॥ बालकाण्ड/ तृ.सं./ ३६ ॥
रामं राजीवपत्राक्षं दृष्टवा हर्षाश्रुसंप्लुतः ।
गुरुणा जातकर्माणि कर्तव्यानि चकार सः ॥ बालकाण्ड/ तृ.सं./ ३७ ॥
कैकेयी चाथ भरतमसूत कमलेक्षणा ।
सुमित्रायां यमौ जातौ पूर्णेन्दुशदृशाननौ ॥ बालकाण्ड/ तृ.सं./ ३८ ॥
तदा ग्रामसहस्त्राणि ब्राह्मणेभ्यो मुदाददौ ।
सुवर्णानि च रत्नानि वासांसि सुरभिः शुभाः ॥ बालकाण्ड/ तृ.सं./ ३९ ॥ (व्यास, सं.२०६४, पृ. १९) ।

(ग) *भानुभक्तको रामायण*मा पुत्रप्राप्तिका सदिच्छाले राजा दशरथले वशिष्ठको सल्लाहअनुसार शान्तापति ऋष्यशृङ्गलाई ल्याएर पुत्रेष्टि यज्ञ सुरु गरे । यज्ञमा ऋष्यशृङ्ग र वशिष्ठ दुवैले चरु होम गरेपछि अग्निदेव थालभरी खीर (पायस) लिएर प्रकट भए । राजालाई खीर र छोरा जन्मने आशीर्वाद समेत दिई उनी अन्तर्धान भए । राजाले दुवैजना ऋषिका चरणस्पर्श गरी रानीहरू कौशल्या र कैकेयीलाई आधाआधा खीर बाँडिदिए । उनीहरूले खान नभ्याउँदै सुमित्रा आइन् र आफ्नो भाग खोजिन् । कौशल्या र कैकेयीले आआफ्ना भागबाट झिकेर उनलाई भाग पुऱ्याएर दिए । तीनैवटी रानीले आआफ्नो भाग खीर खाए र गर्भिणी पनि भए । जस्तै :

यस्तो अर्ति वशिष्ठको जब सुन्या राजा बहुत् खुस् भया ।
शान्ताका पतिलाई डाकि कन खुप् याग् गर्न लागी गया ॥
ऋष्यैश्रृङ्ग वशिष्ठ दूइ ऋषिले होम् गर्न लाग्या जसै ।
पायस्को थलिया लिई कन तहाँ आया ति अग्नी तसै ॥ बालकाण्ड/५३ ॥
यस् पायस् कन आज लेउ भगवन् ! छोरा हुन्या छन् भनी ।
राजालाइ दिया र पायस तहाँ लूक्या ति अग्नी पनी ॥
राजा खूसि भई दुवै ति ऋषिका कोमल् चरण्मा परी ।
कौशल्या र ति केकयी कन दिया पायस् दुवै भाग् गरी ॥ बालकाण्ड/५४ ॥
खानू बा''कि थियो तसै बखतमा आइन् सुमित्रा पनी ।

कौशल्या र ति केकयीसित भनिन् ख्वै भाग मेरो भनी ॥
दुवैले दुइ भाग देखि झिकि भाग् तिन्को पुऱ्याई दिया ।
तिन् रानी मिलि तेहि पायस तहाँ सम्पूर्ण खाई लिया ॥ बालकाण्ड/५५ (आचार्य,२०५०, पृ. ९-१०) ।

केही समयपछि भगवान्ले कौशल्यासँग तिमीहरू दुवै स्त्रीपुरुषले मलाई पुत्रका रूपमा पाउने कामना गरेर ध्यान गरेकाले र म तिम्रो पुत्र भएर जन्मुला भनेकाले प्रतिज्ञा पूरा गर्न जन्मिएको हुँ भनेर बालक स्वरूपका बनी रुन थाले । दशरथ पुत्रजन्मको जानकारीसँगै पुत्रदर्शन गरी इच्छापूर्ण भएकाले आनन्दित भए । गुरु वशिष्ठले जातकर्मादि सबै काम सम्पन्न गरिदिए । तत्कालै कैकेयीबाट भरत तथा सुमित्राबाट जेठा लक्ष्मण र कान्छा शत्रुघ्न गरी दुई भाइ जम्ल्याहा छोरा जन्मे । तीनैवटी रानीबाट चार भाइ छोरा जन्मिएकाले यत्रतत्र सबै खुसी भए । राजाले ब्राह्मणहरूलाई भूमि, वस्त्र, सुन आदि विभिन्न वस्तुहरू दान गरे । तत्पश्चात् गुरु वशिष्ठले कौशल्यापुत्रको नाम राम, कैकेयीपुत्रको नाम भरत तथा सुमित्राका जम्ल्याहा छोरामध्ये जेठाको नाम लक्ष्मण र कान्छाको नाम शत्रुघ्न राखिदिए । पायस भक्षणकै अनुसार जन्मिएका लक्ष्मण रामसित र शत्रुघ्न भरतसित खेल्दथे । जस्तै :

दुवै स्त्री पुरुषै भई अघि ठूलो मेरो तपस्या गऱ्यौ ।
तीमीलाइ म पुत्र पाउँ भनी खुप् इच्छा यसैमा धऱ्यौ ॥
हुँला पुत्र भनेर वर् पनि दियाँ सोही कुराले यहाँ ।
तिम्रो पुत्र भयेर जन्मन गयाँ व्यर्थै म गर्थ्यां कहाँ ॥ बालकाण्ड/६० ॥
कौशल्या सित बात् पनी यति गरी बालक् सरीका बनी ।
चेष्टा बालककै लिया प्रभुजिले खुप् रून लाग्या पनी ॥
थाहा भो दशरथ्जिलाई र गया दर्शन् गऱ्याथ्या जसै ।
देख्तैमा परिपूर्ण मन् हुन गयो आनन्द पाया तसै ॥ बालकाण्ड/६१ ॥
तत्क्षणमा तहिँ जात कर्म पनि भो सब् काम् गुरूले गऱ्या ।
कैकेयीतिर ता भरत् हुन गया आनन्दमा सब् पऱ्या ॥
जम्ल्याहा दुइ पुत्र पाउँदि भइन् ताहाँ सुमित्रा पनी ।
जेठा लक्ष्मण ता भया ति दुइमा शत्रुघ्न कान्छा बनी ॥ बालकाण्ड/६२ ॥
तिन् रानी तिर चार पुत्र सुकुमार जन्मीसक्याथा जसै ।
भूमी रत्न सुवर्ण वस्त्रहरूका भारी भया दान् तसै ॥
कौशल्या सुतको वशिष्ठ गुरुले नाम् राम भन्नू भनी ।
राख्या केकयिपुत्रको भरत नाम् जम्ल्याहको नाम् पनी ॥ बालकाण्ड/६३ ॥
जेठाको शुभ नाम लक्ष्मण गरी जुन् चाहिँ कान्छा थिया ।
तिन्को नाम् पनि काम माफिक असल् शत्रुघ्न राखी दिया ॥
लक्ष्मण् राम् सित खेल्दछन् भरतथ्यैं शत्रुघ्न खेल्दा भया ।
पायस् कै अनुसारले हुन गयो प्रीती त बढ्दै गया ॥ बालकाण्ड/६४ ॥ (आचार्य, २०५०, पृ. ११) ।

(घ) *रामचरितमानस*मा वशिष्ठले शृङ्गी ऋषिलाई बोलाउन पठाई उनैबाट यज्ञ गराएर आहुति दिएपछि अग्निदेव हातमा चरु (हविष्यान्न, खीर) लिएर प्रकट भई राजालाई वशिष्ठले चिताएअनुसार

तिम्रो सबै काम सिद्ध भयो । यो हविष्यान्न (खीर) लगेर यथोचित रूपमा रानीहरूलाई बाँडिदेऊ भन्दै खीर (हविष्यान्न) राजाका हातमा राखिदिए र सम्पूर्ण सभालाई सम्झाइबुझाई गरी अन्तर्धान भए । राजा खुसीले अचेतजस्ता भए (दो. १८९) तापनि सँभालिएर रानीहरूलारूई बोलाए । तीनैवटी रानीहरू आएपछि खीर (पायस)को आधाभाग कौशल्यालाई दिए । बाँकी आधा भागलाई दुई भाग गरे र एक भाग कैकेयीलाई दिए । बाँकी आधाको आधा भागलाई फेरि दुई भाग बनाएर ती एकएक भाग कौशल्या र कैकेयीका हातमा राखिदिएर (वा उनीहरूको अनुमति लिएर), उनीहरूलाई खुसी बनाएर सुमित्रालाई दिए । जस्तै :

सृंगी रिषिहि बसिष्ठ बोलावा । पुत्रकाम सुभ जग्य करावा ॥
भगति सहित मुनि आहुति दीन्हे । प्रगटे अगिनि चरू कर लीन्हें ॥ बालकाण्ड, दो.१८८/ ३ ॥
जो बसिष्ठ कछु हृदयँ बिचारा । सकल काजु भा सिद्ध तुम्हारा ॥
यह हबि बाँटि देहु नृप जाई । जथा जोग जेहि भाग बनाई ॥ बालकाण्ड/१८८/४ ॥ ( रामचरितमानस, सं. २०४९, पृ.१७४) ।
तब अदृस्य भए पावक सकल सभहि समुझाइ ।
परमानन्द मगन नृप हरष न हृदयँ समाइ ॥ बालकाण्ड,दो. १८९ ॥
तबहिं रायँ प्रिय नारि बोलाईं । कौशल्यादि तहाँ चलि आईं ॥
अर्ध भाग कौसल्यहि दीन्हा । उभय भाग आधे कर कीन्हा ॥ बालकाण्ड/१८९/१ ॥
कैकेई कहँ नृप सो दयऊ । रह्यो सो उभय भाग पुनि भयऊ ॥
कौशल्या कैकेई हाथ धरि । दीन्ह सुमित्रहि मन प्रसन्न करि ॥ बालकाण्ड/१८९/२ ॥ ( रामचरितमानस, सं. २०४९) ।

केही समयपछि ब्रह्मासमेत सबै देवताहरूले फूल वर्षाएर आआफ्नो धाममा फर्केपछि समग्र लोकका शान्तिदाता, जगदाधार तथा दीनदयालु र कौशल्याका हितकारी प्रभु श्रीराम प्रकट भए । मुनिमनहारी उनको अद्‌भुत रूप हेरेर (विचार गरेर) आमा हर्षविभोर भइन् । जति हेर्‍यो उति हेरिरहू" लाग्ने मेघस्वरूप (श्याम शरीर)का, चारवटै हातमा आयुध लिएका, दिव्य आभूषण तथा वनमाला लगाएका ठूलाठूला आँखा भएका शोभाका समुद्र तथा *खर* राक्षसलाई मार्ने भगवान् रामचन्द्र प्रकट भए । त्यसपछि कैकेयीले एउटा र सुमित्राले दुईवटा राम्राराम्रा छोरा पाए । त्यसबेलाको सुख, सम्पत्ति, समय र समाजको वर्णन गर्न स्वयं सरस्वती र सर्पराज शेषले पनि सक्दैनन् । त्यसपछि गुरु वशिष्ठले जसलाई एकक्षण, एक पल सम्झनाले मात्रै पनि तीनै लोक खुसी रहन्छन् । जो आनन्दका समुद्र र सुखका राशि, सुखका भवन र समग्र लोकका शान्तिदाता तपाईंका जेठा छोराको नाम *राम* भयो । संसारलाई भरणपोषण गर्ने तपाईंका दोस्रा छोराको नाम *भरत* र जसको स्मरणले मात्रै शत्रु नास हुन्छन् तिनको नाम *शत्रुघ्न* भनी वेदहरूमा उल्लेख छ भने । (दो. १९६, श्लोक ४) । तत्पश्चात् शुभलक्षणका खानी तथा श्रीरामका प्यारा र सम्पूर्ण जगत्‌का आधार मानिएकाको उत्कृष्ट नाम गुरु वशिष्ठले 'लक्ष्मण' भनेर राखिदिए ।

जस्तै :

सुर समूह बिनती करि पहुँचे निजनिज धाम । जगनिवास प्रभु प्रगटे अखिल लोक बिश्राम ॥ बालकाण्ड, दो.१९१ ॥

भए प्रगट कृपाला दीनदयाला कौशल्या हितकारी । हरषित महतारी मुनि मन हारी अद्भुत रूप बिचारी ॥
लोचन अभिभारा तनु घनश्यामा निज आयुध भुज चारी । भूषन बनमाला नयन बिलासा सोभासिन्धु खरारी ॥ १९१/छं. १ ॥ (रामचरितमानस, सं. २०४९, पृ. १७६) ।
कैकयसुता सुमित्रा दोउ । सुन्दर सुत जनमत भैं ओऊ ॥
वह सुख संपति समय समाजा । कहि न सकइ सारद अहिराजा ॥ बालकाण्ड, दो. १९४/१ ॥ ( रामचरितमानस, सं.२०४९, पृ.१७९) ।
जो आनन्द सिन्धु सुखरासी । सीकर तैं त्रैलोक सुपासी । सो सुखधाम राम अस नामा । अखिल लोक दायक बिश्रामा ॥ बालकाण्ड, दो.१९६/३ ॥ (रामचरितमानस, सं. २०४९, पृ.१८१) ।
बिस्व भरन पोषन कर जोई । ताकर नाम भरत अस होई ॥
जाके सुमिरन तें रिपु नासा । नाम शत्रुघ्न बेद प्रकाशा ॥ बालकाण्ड, दो.१९६/४ ॥
लच्छन धाम राम प्रिय सकल जगत आधार । गुरु बसिष्ट तेहि राखा लक्षिमन नाम उदार ॥ बालकाण्ड, दो.१९७ ॥ (रामचरितमानस, सं. २०४९, पृ. १८१) ।

(ङ). *रविकृत रामायण*मा गुरु वशिष्ठका सल्लाहअनुसार दशरथले यज्ञ गरे । यज्ञबाट पाएको खीर भोग गरेर रानीहरूमध्ये कैकेयीबाट भरत, सुमित्राबाट लक्ष्मण र कौशल्याबाट राम जन्मेको सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ :
दशरथलाई पुत्र नहुँदा ..गुरु वशिष्ठले ।
हुमेर अग्नि गर्भवती रानी ... खीरका भोगले ॥४॥ नसम्फेर पो.तो. सम्फे राम छ तो । रामको लिनु नाम अरू छैन र ति दास ॥ नसम्फेर.
कैकेयीलाई पुत्र जन्मे ... भरत भन्ने नाम ।
सुमित्रालाई लक्ष्मण चतुर ... कौशल्यालाई राम ॥५॥
नसम्फेर पो तो ... राम सम्फे छ तो ॥
रामको लिनु नाम अरू छैन ..र ति दास ॥ नसम्फेर . (रविलाल, २०५६,पृ. ७ ) ।

(च) *आनन्द रामायण*मा मुनि वशिष्ठका सल्लाहअनुसार राजा दशरथले ऋष्यशृङ्गलाई बोलाएर अयोध्या नगरमा ल्याए । ती ऋषिले राजालाई *इष्टि* नामक यज्ञ गराएर हातमा खीर लिएका अग्निदेवलाई प्रकट गराए । अग्नि स्वयं प्रकट भएर राजालाई पुत्र प्राप्ति हुने खीर (पायस) दिए । राजाले खीर लगेर तीनैवटी स्त्रीहरूलाई बाँडिदिए तर कैकयीका भागको खीर एउटा गिद्ध (गृघ्री)ले आफ्नो सराप (श्राप) छुटाउने उद्देश्यले खोसेर लगी (कुनै समय सुवर्चा नामकी अप्सराहरूकी उत्तम अप्सराले नृत्यभङ्ग गरेका अपराधमा ब्रह्माले गिद्ध (गृध्री) हुने सराप (श्राप) दिएका थिए । त्यसपछि उसले स्तुतिद्वारा ब्रह्मालाई खुसी बनाई । ब्रह्माले फेरि तिमीले कैकेयीका भागको खीर खोसेर अञ्जनी पर्वतमा फ्याँकेपछि मात्रै तिम्रो सुगति हुनेछ र पहिलेफैँ अप्सरा हुनेछ्यौ भनेका थिए । त्यसैकारण उसले (गृघ्री)का भागको खीर लगेर अञ्जनी पर्वतमा खसाली । त्यसपछि उसले आफ्नो अप्सराको रूप प्राप्त गरेर स्वर्गमा गएकी थिई) । त्यसपछि कौशल्या र सुमित्राले आआफ्ना भागबाट थोरैथोरै खीर फिकेर कैकेयीलाई दिए । यसरी सबै रानीहरूले पायस खाएर गर्भधारण गरे । जस्तै :

ततस्तुष्टो रोमपादस्तस्मै शान्तां ददौ सुताम् । दशरथोऽपि स्वपुरीमानयामास तं मुनिम् ॥ १०१ ॥
स तु राज्ञोऽनपत्यस्य निरूप्येष्टिं मरुन्वतः । प्रत्यक्षं हि चकाराग्निं यज्ञकुण्डात् सपायसम् ॥ सारकाण्ड/१०२ ॥
आविर्भूत्वा स्वयं वह्निर्ददौ राज्ञे सुपायसम् । राज्ञाविभक्तं स्त्रीभ्यस्तत्कैकेय्या दुष्टभावतः ॥ सारकाण्ड/१०३ ॥
अहरत्पायसं हस्ताद् गृध्री तथा वेधाः सुतोषितः । तस्यै तुष्टो विधिः प्राह कैकेयीपायसं यदा ॥ सारकाण्ड/१०५ ॥
प्रक्षिपस्यञ्जनगिरौ तदा ते भविता गतिः । अप्सरा त्वं पूर्ववच्च भविष्यति न संशयः ॥ सारकाण्ड/१०६ ॥
तस्मात्सा पायसं नीत्वाऽक्षिपदं जनिपर्वते । निजं स्वरूपं सा लब्ध्वा जगाम सुरमन्दिरम् ॥ सारकाण्ड/१०७ ॥
ततस्ताभ्यां तु कैकेय्यै दत्तं किञ्चित्तु पायसम् । अथ ता भक्षयामासुरन्तगर्भास्तदाऽभवत् ॥ सारकाण्ड/१०८ ॥
आसंस्तासां दोहदास्ते पुत्राणां भाविकर्मभिः । पुत्राणां भाविकर्माणि विदुस्ते दोहदैर्जनाः ॥ सारकाण्ड/१०९ ॥
(वाल्मीकि,ई. २०१६: ७-८) ।

पछि ब्रह्मा आदि देवता र पृथ्वीले आफ्नो र धर्मको रक्षार्थ प्रार्थना गरेपछि विष्णु भगवान्ले पृथ्वीमा अवतार लिने वचन दिएअनुसार चैत महिनाको शुक्लपक्षको नवमी तिथिको मध्यान्हका समयमा कौशल्याका अगाडि चार हात भएका, पहेँला वस्त्र लगाएका, वर्षा ऋतुको मेघतुल्य श्याम शरीर लिई तेजस्वी रूपमा प्रकट भए । कौशल्याले त्यो रूप देखेर बाल्यभाव स्वीकार गर्न प्रार्थना गरिन् । भगवान् क्षणभरमै स्वर्णाभरणबाट भूषित भएर, सुवर्णतुल्य कान्तियुक्त, कमलसमान आँखा, चन्द्रतुल्य मुख र सूर्यसमान तेजस्वी बालक बने । त्यसपछि सुमित्राका गर्भबाट शेषावतार लक्ष्मण प्रकट भए । कैकेयीका गर्भबाट विष्णुका शङ्खचक्रको अवतारका रूपमा एकैपटक भरत र शत्रुघ्न जन्मे । चारवटै बालक शुभ समय, राम्रा लग्न र नक्षत्रमा जन्मिए ( पुत्रजन्मको उत्सवको खुसियालीमा अनेकौँ नाचगान भए ) । बालकहरूको जातकर्म पनि गुरुले राम्ररी गराइदिए र कौशल्यापुत्रको नाम राम, सुमित्रापुत्रको नाम लक्ष्मण र कैकेयीका दुवै पुत्रको नाम भरत र शत्रुघ्न राखे । यी नामहरू : सुन्दर हुनाले राम,  शुभ लक्षण युक्त हुनाले लक्ष्मण, प्रजाको भरणपोषणमा निपुण हुनाले भरत र शत्रुनाशक हुनाले शत्रुघ्न राखिदिए । त्यसपछि लक्ष्मण रामसँग र शत्रुघ्न भरतसँग खेल्दै हुर्कदै गर्न थाले । जस्तै :

एतस्मिन्नन्तरेभूमिर्दशास्यादिप्रपीडिता । ब्रह्मणा प्रार्थयामास विष्णुंसोऽपितदाऽब्रवीत् ॥ सारकाण्ड/१ ॥
भूम्यामवतरिष्यामि भवन्तु कपयः सुराः । गन्धर्वी दुन्दुभी नाम्नी भूम्याः कार्यार्थसिद्धये ॥ सारकाण्ड/२ ॥
मन्थराग्रि भवत्वद्धा राज्यविघ्नार्थ सिद्धये । पश्चात्पुनर्द्वापरान्ते कुब्जात्वं कंसमन्दिरे ॥ सारकाण्ड/३ ॥
कारयामास विधिवन्ननृतुर्वारयोजितः । ज्येष्ठं रामं तु कौशल्यातनयं प्राह वै गुरुः ॥ सारकाण्ड/९ ॥
सुमित्रातनयं नाम्ना लक्ष्मणं गुरुरब्रवीत् । ततो भरतशत्रुघ्ननामनी प्राह वै गुरुः ॥ सारकाण्ड/१०
रमणाद्राम एवासौ लक्षणैर्लक्ष्मणस्त्विति । भरणाद्भरतश्चेति शत्रुघ्नः शत्रुतर्जनात् ॥ सारकाण्ड/११ ॥

अथ ववृधिरे सर्वे लक्ष्मणो राघवेण हि । शत्रुघ्नो भरतेनापि चकार क्रीडनादिकम् ॥ सारकाण्ड/१२ ॥ ( वाल्मीकि, ई.२०१६, पृ. ८ र ९)।

वाल्मीकिरचित वमल्मीकि रामायणअनुसार दिव्यपुरुषले दिएको खीर राजा दशरथले आधा भाग रानी कौशल्यालाई दिन्छन् । बाँकी आधाको आधा भाग रानी सुमित्रालाई दिन्छन् । बाँकी आधाको आधा भाग खीरको पनि आधा भाग रानी कैकेयीलाई दिन्छन् । बाँकी रहेको आधाको आधाको पनि आधा भाग पुनः सोचविचार गरेर सुमित्रालाई दिन्छन् । खीरका भागअनुसार कौशल्याबाट राम, कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण र शत्रुघ्न जन्मन्छन् ।

व्यासरचित अध्यात्म रामायणअनुसार दिव्यपुरुषले दिएको खीर राजा दशरथले रानीहरू कौशल्या र कैकेयीलाई आधाआधा भाग बाँडिदिन्छन् । तत्काल त्यही खीर (चरु) लिने इच्छाले रानी सुमित्रा आउँछिन् । कौशल्या र कैकेयीले आआफ्ना भागबाट आधाआधा दिन्छन् । तदनुरूप कौशल्याबाट राम, कैकेयीबाट भरत र सुमित्राबाट जम्ल्याहा लक्ष्मण र शत्रुघ्न नामका छोरा जन्मन्छन् ।

अध्यात्म रामायणको भावानुवाद मानिने भानुभक्त आचार्यरचित भानुभक्तको रामायणअनुसार दिव्यपुरुषले दिएको खीर राजा दशरथले रानी कौशल्यालाई र केकेयीलाई आधाआधा दिन्छन् । उनीहरूले खान नभ्याउँदै सुमित्रा आउँछिन् र आफ्नो भाग खोज्छिन् । कौशल्या र कैकेयीले आआफ्ना भागबाट झिकेर उनलाई भाग पुऱ्याइदिन्छन् । तदनुरूप कौशल्याबाट राम, कैकेयीबाट भरत र सुमित्राबाट जम्ल्याहा छोरा जेठा लक्ष्मण र कान्छा शत्रुघ्न जन्मन्छन् ।

गोस्वामी तुलसीदासरचित रामचरितमानसअनुसार दिव्यपुरुषले दिएको खीर राजा दशरथले लगी तीनैवटी रानीलाई सँगै बोलाएर आधा भाग कौशल्यालाई दिए । बाँकी आधा भागलाई दुई भाग गरेर एक भाग कैकेयीलाई दिए । बाँकी आधाको आधा भागलाई पुनः दुई भाग गरेर एकएक भाग कौशल्या र कैकेयीका हातमा राखिदिएर वा उनीहरूसँग अनुमति लिएर अथवा उनीहरूलाई खुसी बनाएर दुवै भाग सुमित्रालाई दिए । तदनुरूप रानीहरू गर्भवती भएर कौशल्याबाट राम, कैकेयीबाट भरत तथा सुमित्राबाट लक्ष्मण र शत्रुघ्न दुई भाइ छोरा जन्मे ।

रविकृत रामायणअनुसार दिव्यपुरुषबाट प्राप्त खीर राजा दशरथले रानीहरूलाई बाँडिदिन्छन् । खीर भोग गरेर रानीहरू गर्भवती हुन्छन् । तत्पश्चात् कैकेयीबाट भरत, सुमित्राबाट लक्ष्मण र कौशल्याबाट राम जन्मन्छन् । यसमा शत्रुघ्नको उल्लेख छैन ।

वाल्मीकिरचित आनन्दरामायणअनुसार दिव्यपुरुषले दिएको खीर राजा दशरथले लगेर तीनैवटी रानीहरू (कौशल्या, सुमित्रा र कैकेयी) लाई बराबर बाँडिदिए तर कैकेयीका भागको खीर एउटा गिद्ध (गृघ्री) ले आफ्नो सराप छुटाउने उद्देश्यले खोसेर लगी । त्यसपछि कौशल्या र सुमित्राले आआफ्ना भागबाट थोरैथोरै खीर झिकेर कैकेयीलाई दिए । त्यही खीर (पायस) खाएर तीनैवटी रानीहरूले गर्भधारण गरे । महिना पुगेपछि कौशल्याबाट राम, सुमित्राबाट लक्ष्मण र कैकेयीबाट भरत र शत्रुघ्न जन्मे ।

## निष्कर्ष

महर्षि वाल्मीकि संस्कृत साहित्यका आदिकवि र वाल्मीकि रामायण आदिमहाकाव्य मानिन्छ । त्यसो त वाल्मीकि र वाल्मीकि रामायण संसारकै लिखित साहित्यका *आदिकवि* र आदिमहाकाव्य

मानिन्छन् । यसमा दशरथपुत्र रामको पराक्रम र जनकनन्दिनी सीताको सच्चरित्रतायुक्त कथाव्यथाको चित्रण छ । सारमा रामरावणको युद्ध र रावणवधद्वारा असत्यको हार र सत्यको विजय हुन्छ भन्ने देखाएको छ । प्रस्तुत लेखमा राम, लक्ष्मण, भरत र शत्रुघ्नमध्ये धेरैजसो कृतिहरू वाल्मीकि रामायण, अध्यात्म रामायण, रामचरितमानस, भानुभक्तको रामायण, रविकृत रामायणमा सुमित्राका जम्ल्याहापुत्र लक्ष्मण र शत्रुघ्न देखाइएको छ र आनन्द रामायणमा कैकेयीका जम्ल्याहापुत्र भरत र शत्रुघ्न देखाइएको छ । लक्ष्मण सदैव रामका नकिट रहने र शत्रुघ्न सदैव लक्ष्मणका निकट रहनेबस्ने हुनाले तथा तिनीहरूका आनीबानी, रूपरङ्ग, शीलस्वभाव र क्रियाकलाप तथा सङ्गतका आधारमा भरत र शत्रुघ्न नै कैकेयीका जम्ल्याहा पुत्र हुन सक्दछन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । साथै वाल्मीकि रामायणमा सुमित्राका जम्ल्याहा पुत्र लक्ष्मण र शत्रुघ्न उल्लेख गरिएको छ  र उनै द्वारा लिखित आनन्द रामायणमा कैकेयीका जम्ल्याहा पुत्र भरत र शत्रुघ्न देखाइएको छ । उक्त दुवै प्रकारका प्रमाण देखिए पनि रामस‘‘गको लक्ष्मणको अटुट सम्बन्ध र भरतस‘‘गको शत्रुघ्नको अटुट सम्बन्धका कारणले पनि कैकेयीका जम्ल्याहा पुत्रनै भरत र शत्रुघ्न हुनुपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, इन्द्रविलास, (२०६६), *तुलनात्मक साहित्य सङ्क्षिप्त परिचय,* ललितपुर : साझा प्रकाशन ।

अर्याल, थानेश्वर (२०७५), आदिकवि भानुभक्त आचार्यको आदिकवित्वका सन्दर्भमा, *समालोचना सङ्ग्रह,* बुटवल : श्रीमती हेमकान्तिदेवी पाण्डे (अर्याल) ।

आचार्य, भानुभक्त (२०५०), बालकाण्ड, *भानुभक्तको रामायण,* सा.प्र.बाट तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

घिमिरे, डुकुलराज (२०७२), रामायण महाकाव्य, *नेपाली कवितामा पूर्वीय दर्शन* (दर्शनको परिचयविशेष), बुटवल : सीता अर्याल घिमिरे ।

त्रिपाठी, श्रीकृष्णमणि (व्याख्याकार), *अभिज्ञानशाकुन्तलम् नाटक,* रचनाकार कालिदास, संस्करण सन् १९९०, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

त्रिपाठी, रमाशङ्कर (२०६३), *संस्कृत साहित्यका प्रामाणिक इतिहास,* वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

त्रिपाठी, वासुदेव (२०३०), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५५), आदिकवि वाल्मीकि, *संस्कृतका अमर साहित्यकार,* तेस्रो संस्करण, साझा प्रकाशन ।

रविलाल (२०५६), *श्रीरविकृत रामायण,* एकादश संस्करण, वाराणसी : सुब्बा होमनाथ केदारनाथ हितैषी कम्पनी ।

वाल्मीकि (सं.२०६७), *श्रीमद्वाल्मीकीय रामायण* ( प्रथम र द्वितीय खण्ड, सचित्र हिन्दी-अनुवादसहित), उनन्चालीसौँ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

वाल्मीकि, (ई. २०१६),*आनन्दरामायणम्* (श्रीमद्वाल्मीकि महामुनिकृत शतकोटिरामचरितान्तर्गतम्), व्याख्याकार, पं. रामतेज पाण्डेय, संशोधक युगल किशोर द्विवेदी, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

व्यास (सं.२०६४), *अध्यात्म रामायण,* अनु. मुनिलाल, पैंतीसौं" पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।
श्रीमद्गोस्वामी तुलसीदास (सं.२०४९), *श्रीरामचरितमानस,* टीकाकार हनुमानप्रसाद गोद्दार, बयानब्बेऔँ संस्करण, गोरखपुर : गोविन्द भवन कार्यालय, गीता प्रेस ।
शर्म्मा, सोमनाथ (२०५८), आदिकवि वाल्मीकि, *साहित्य प्रदीप,* संस्करण २०५८, काठमाडौं : रत्नपुस्तक भण्डार ।
शर्मा, गोपीकृष्ण (२०६८), वाल्मीकिको परिचय र काव्य प्रवृत्ति, *संस्कृत साहित्यको रूपरेखा,* चतुर्थ संस्करण, काठमाडौं : शब्दार्थ प्रकाशन ।
शर्मा, उमाशङ्कर (सन् २०१०), *संस्कृत साहित्यका इतिहास,* वाराणसी : चौखम्बा भारती अकादमी ।
शर्मा, रमा (सम्पा.), (२०४५), भानुभक्ताचार्यको जीवन चरित्र, *मोती ग्रन्थावली,* काठमाडौं : राष्ट्रिय युवा सेवा कोष ।
सागर, रामानन्द (ई.१९८७), *सम्पूर्ण रामायण लाइभ भाग-३,* सागर इन्टरप्राइजेज, मुम्बई इन्डियाः डि.डि. नेशनल र दूरदर्शन कार्यक्रम ।
सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना : परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।